# विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९

## (पहिलो संशोधन, २०८०)

आर्थिक ऐन, २०७९ को दफा २० बमोजिम गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबारमा लाग्ने विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) को प्रशासनलाई सरल र प्रभावकारी बनाउन आर्थिक ऐन, २०७९ को दफा २० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ।

(ख) यो कार्यविधि सम्वत् २०७९ साल श्रावण १ गतेदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आय बर्ष" भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले वस्तु तथा सेवाको उपभोग गर्ने सामान्य बसोवासको स्थान नेपाल रहेको व्यक्ति सम्झनु पर्छ।

तर व्यावसायिक प्रयोजन वा व्यवसायमा प्रयोग गर्न छुट्टै प्रबन्धद्वारा खरिद गर्ने व्यक्तिलाई उपभोक्ता मानिने छैन।

(ग) "ऐन" भन्नाले आर्थिक ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "कर" भन्नाले ऐनको दफा २० बमोजिम दाखिला गर्नु पर्ने विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्झनु पर्छ।

(ङ) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउँछ।

(च) "कार्यालय" भन्नाले ठूला करदाता कार्यालय सम्झनु पर्छ।

(छ) "कारोबार मूल्य" भन्नाले कुनै आय बर्षमा यस कार्यविधिको दफा २(झ) बमोजिम उपलब्ध गराएको वस्तु तथा सेवा वापतको मूल्य सम्झनु पर्छ।

(ज) "गैरबासिन्दा व्यक्ति" भन्नाले बासिन्दा व्यक्ति बाहेकको व्यक्ति सम्झनु पर्छ।

(झ) "नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवा" भन्नाले देहायका अवस्था मध्ये कुनै एक अवस्था पुरा भई गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवा सम्झनु पर्छः-

१) नेपालभित्र सेवा प्राप्त गरेमा,

२) नेपालको ठेगानामा बीजक जारी गरेमा,

३) नेपालको बैंकमा भएको बैंक खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट सञ्चालन भएका भुक्तानी उपकरणबाट रकम भुक्तानी भएमा,

४) नेपालको बैक तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेविट कार्ड, क्रेडिट कार्ड वा अन्य भुक्तानीका माध्यमबाट भुक्तानी भएमा,

५) नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्राप्त गरेमा,

६) नेपालको दुरसञ्चार कोड भएको सिम कार्ड वा नेपालको कुनै पनि ल्याण्डलाईन प्रयोग गरी सेवा प्राप्त गरेमा।

(झ) "बासिन्दा व्यक्ति" भन्नाले आयकर ऐन, २०५८ बमोजिमको बासिन्दा व्यक्ति सम्झनु पर्छ।

(ञ) "विद्युतीय सेवा" भन्नाले सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपले इन्टरनेटमार्फत प्रदान हुने देहायका वस्तु तथा सेवालाई जनाउँछः-

(१) विज्ञापन सेवा,

(२) चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा,

(३) तथ्याङ्क संग्रह सेवा,

(४) क्लाउड सेवा,

(५) गेमिङ्ग सेवा,

(६) मोबाइल एप्लिकेशन सम्बन्धी सेवा,

(७) इन्टरनेट बजार स्थान (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने वस्तु तथा सेवा,

(८) सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण,

(९) नेपालका बासिन्दा व्यक्तिबाट संकलित तथ्याङ्कको बिक्री,

(१०) तथ्याङ्क, तस्वीर लगायतका डाउनलोड सेवा,

(११) शिक्षा, परामर्श, सीप विकास तथा तालिम सेवा,

(१२) इ-बुक, इ-पुस्तकालय, इ-पत्रिका सेवा,

(१३) क्र.सं. १ देखि १२ बाहेकका अन्य यस्तै सेवा।

(ट) "विवरण" भन्नाले विद्युतीय सेवाको कारोबार गर्ने व्यक्तिले पेश गर्नु पर्ने यस कार्यविधिको अनुसूची-३ बमोजिमको विवरण सम्झनु पर्छ।

(ठ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(ड) "स्थायी लेखा नम्बर" भन्नाले गैरबासिन्दा व्यक्तिलाई यस कार्यविधिको दफा ४ को खण्ड (क) बमोजिम प्रदान गरिएको पहिचान नम्बर सम्झनु पर्छ।

## ३. कर लगाउने आधार र दर सम्बन्धी व्यवस्था

(क) गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलव्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्य (नेपालमा लागेको अप्रत्यक्ष कर बाहेकको रकम) मा दुई प्रतिशतका दरले कर लाग्नेछ।

(ख) नेपालका उपभोक्तालाई उपलव्ध गराएको विद्युतीय सेवाको वार्षिक बीस लाख रूपैयाँसम्मको कारोबारमा कर लाग्ने छैन। तर सोभन्दा बढी रकमको कारोबार भएमा सबै कारोबारमा खण्ड (क) बमोजिम कर लाग्नेछ।

(ग) यो कर प्रत्यक्ष कर भएकोले सेवाको मूल्यमा करको रकम जोडेर असुल उपर गर्न पाइने छैन।

(घ) इन्टरनेट बजार स्थान (अनलाइन मार्केट प्लेस) सेवा र यसमार्फत वस्तु तथा सेवा उपलब्ध गराउने गैरबासिन्दा व्यक्तिले वस्तु तथा सेवा दुबैको मूल्य जोडी कारोबार मूल्यमा समावेश गरी घोषणा गर्नु पर्नेछ। तर त्यस्तो बजार स्थानको माध्यमबाट बासिन्दा व्यक्तिले वस्तु तथा सेवा आपूर्ति गरेको अवस्थामा भने सो बराबरको रकम गैरबासिन्दा व्यक्तिले आफ्नो कारोबार मूल्यमा समावेश गर्नु पर्ने छैन।

(ङ) यो कार्यविधि बमोजिम कर दाखिला भएको आयमा आयकर ऐन, २०५८ बमोजिमको कर लाग्ने छैन। तर उपभोक्ता बाहेक अन्यलाई उपलब्ध गराएको सेवा वापतको आयमा भने आयकर ऐन, २०५८ बमोजिमको कर लाग्नेछ।

(च) कुनै उपभोक्ताले आफूलाई उपभोक्ता बाहेकको व्यक्तिको रुपमा गलत घोषणा गरी सेवा उपभोग गरेको खण्डमा निज उपभोक्ता नै जिम्मेवार हुनेछ।

## ४. कर प्रशासन गर्ने निकाय सम्बन्धी व्यवस्था

यो करको प्रशासन ठूला करदाता कार्यालयले गर्नेछ।

## ५. दर्ता सम्बन्धी व्यवस्था

(क) ऐन बमोजिम कर लाग्ने व्यक्तिले नेपालमा दर्ता भई स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गर्नु पर्नेछ। तर दर्ता नभए पनि यस कार्यविधि बमोजिम कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

(ख) ऐन बमोजिम कर लाग्ने व्यक्तिले कर लाग्ने कारोबारको सीमा नाघेको मितिले तीस दिनभित्र स्थायी लेखा नम्बर लिनको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। तर स्वेच्छिक रूपमा दर्ता हुन चाहेमा जुनसुकै बखत स्थायी लेखा नम्बर लिनको लागि निवेदन दिन सक्नेछ।

(ग) गैरबासिन्दा व्यक्तिले स्थायी लेखा नम्बर लिनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा विद्युतीय माध्यम (अनलाईन) बाट कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। तर मूल्य अभिवृद्धि करमा दर्ता भएको गैरबासिन्दा व्यक्तिले छुट्टै स्थायी लेखा नम्बर लिनु पर्ने छैन।

(घ) गैरबासिन्दा व्यक्तिले स्थायी लेखा नम्बर प्राप्त गर्नको लागि निवेदनसाथ देहाय बमोजिमका कागजातको विद्युतीय (स्क्यान) प्रति पेश (अपलोड) गर्नु पर्नेछः

(१) बासिन्दा रहेको मुलुकमा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(२) बासिन्दा रहेको मुलुकमा लिएको कर दर्ता पहिचान प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(३) कर प्रयोजनको लागि आधिकारिक व्यक्ति तोकिएको अधिकारनामा सम्बन्धी पत्र र उक्त व्यक्तिको पासपोर्टको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(४) गैरबासिन्दा व्यक्तिको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिको तस्वीर (फोटो),

(५) गैरबासिन्दा व्यक्तिको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिको दस्तखतको नमुना,

(६) नेपालको कुनै नागरिकलाई कर तिर्ने प्रयोजनको लागि आधिकारिक प्रतिनिधि तोकिएको भए सो सम्बन्धी अधिकारनामा र निजको नागरिकता वा राहदानीको नोटरी प्रमाणित प्रतिलिपि।

(ङ) गैरबासिन्दा व्यक्तिबाट निवेदन प्राप्त भएको मितिले सात दिनभित्र कार्यालयले दर्ता गरी विद्युतीय माध्यम (अनलाइन) मार्फत अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्न सक्नेछ। तर कुनै कारणले दर्ता हुन नसकेमा कारण सहित गैरबासिन्दा व्यक्तिलाई निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र जानकारी गराउनु पर्नेछ।

## ६. कारोबारको लेखाङ्कन तथा विवरण दाखिला सम्बन्धी व्यवस्था

(क) गैरबासिन्दा व्यक्तिले कारोबार मूल्य नेपाली मुद्रामा उल्लेख गर्नु पर्नेछ।

(ख) गैरबासिन्दा व्यक्तिले कर प्रयोजनको लागि प्रोदभावी (एक्रुयल) आधारमा लेखाङ्कन गर्नु पर्नेछ।

(ग) गैरबासिन्दा व्यक्तिले आय बर्ष अनुसार आफ्नो कारोबारको विवरण दाखिला गर्नु पर्नेछ।

(घ) गैरबासिन्दा व्यक्तिले आय बर्ष समाप्त भएको मितिले तीन महिना भित्र कार्यालय समक्ष विद्युतीय माध्यम (अनलाईन) बाट विवरण पेश गर्नु पर्नेछ।

(ङ) विवरणको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

(च) तोकिएको समयभित्र विवरण दाखिला नगरेमा ऐनको दफा २० को उपदफा (३) बमोजिम बार्षिक कारोबार रकमको शुन्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम शुल्क लाग्नेछ।

## ७. <u>कर दाखिला सम्बन्धी व्यवस्था</u>

(क) गैरबासिन्दा व्यक्तिले पेश गरेको विवरण बमोजिम दाखिला गर्नुपर्ने कर तोकिएको राजस्व शीर्षकमा विद्युतीय माध्यम (अनलाईन) मार्फत भुक्तानी गर्नु पर्नेछ।

(ख) करको भुक्तानी आय वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गर्नु पर्नेछ।

(ग) तोकिएको समयभित्र कर दाखिला नगरेमा ऐनको दफा २० को उपदफा (३) बमोजिम बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ।

## ८. <u>कारोबारको परीक्षण तथा कर निर्धारण सम्बन्धी व्यवस्था</u>

(क) गैरबासिन्दा व्यक्तिको कारोबारको परीक्षण गरी कार्यालयले कर निर्धारण गर्न सक्नेछ।

(ख) कार्यालयबाट कारोबारको परीक्षण गर्दा कुनै गैरबासिन्दा व्यक्तिले वास्तविक कारोबार भन्दा घटी कारोबार घोषणा गरी कर दायित्व कम गरेको पाइएमा ऐनको दफा २० को उपदफा (३) बमोजिम कम गरेको वा लुकाए छिपाएको कर रकमको पचास प्रतिशत जरिवाना लाग्नेछ।

(ग) कर निर्धारणको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(१) कारोबार रकम कम गरी वा लुकाई छिपाई कर दायित्व घटाएको भन्ने सूचना तथा प्रमाण प्राप्त भएमा कर अधिकृतले त्यस्तो प्राप्त प्रमाणको आधारमा प्रारम्भिक कर निर्धारणको लिखित सूचना दिनु पर्नेछ।

(२) दर्ताको बखत उपलब्ध गराएको इमेल ठेगानामा यस्तो सूचना पठाएमा वा गैरबासिन्दा व्यक्तिले नेपालमा नियुक्त गरेको प्रतिनिधिलाई बुझाएमा सूचनाको तामेली भएको मानिनेछ।

(३) कर निर्धारण हुनु नपर्ने सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(४) गैरबासिन्दा व्यक्तिबाट पेश भएको सफाइको सबुत प्रमाण समेतको आधारमा कर अधिकृतले अन्तिम कर निर्धारणको सूचना जारी गर्न सक्नेछ।

## ९. <u>दर्ता खारेजी सम्बन्धी व्यवस्था</u>

(क) कुनै दर्ता भएको गैरबासिन्दा व्यक्तिले नेपालमा कारोबार गर्न छाडेमा वा कुनै कारणले दर्ता खारेजी गर्न चाहेमा अनुसूची-४ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(ख) निवेदन प्राप्त भएको मितिले तीन महिनाभित्र कार्यालयले दर्ता खारेजी गरी वा दर्ता खारेजी हुन नसक्ने भएमा सोको कारण खोली जानकारी गराउनु पर्नेछ।

अनुसूची-१

(कार्यविधिको दफा ५(ग) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

विद्युतीय सेवा करमा दर्ताको निवेदन (गैरबासिन्दा व्यक्तिको लागि)

| (क) गैरबासिन्दा व्यक्तिको सामान्य जानकारीः | | |
|---|---|---|
| १. | व्यक्तिको प्रकार | प्रा.लि./लिमिटेड/साझेदारी/सार्वजनिक संस्थान/अन्य |
| २. | कानुनी नाम | |
| ३. | बासिन्दा रहेको मुलुकको व्यवसाय दर्ता नम्बर | |
| ४. | ठेगाना | |
| ५. | पत्राचारको ठेगाना | |
| ६. | बासिन्दा रहेको मुलुकमा कर प्रयोजनको लागि दर्ता भएको करदाता पहिचान नम्बर | |
| ७. | इमेल ठेगाना | |
| ८. | टेलिफोन नम्बर (देशको कोड सहित) | |
| ९. | मोबाइल नम्बर (देशको कोड सहित) | |
| १०. | अनुमानित बार्षिक कारोबार (नेपाली मुद्रामा) | |
| ११. | तोकिएको आधिकारिक व्यक्तिको नाम | |

| (ख) आधिकारिक व्यक्तिको विवरण | | | |
|---|---|---|---|
| १. | पहिलो नाम | बीचको नाम | अन्तिम नाम |
| | | | |
| २. | लिङ्ग | | |
| ३. | पद | | |
| ४. | जन्म मिति | | दिन/महिना/बर्ष |

| | | |
|---|---|---|
| ५. | राष्ट्रियता | |
| ६. | राहादानी नम्बर | |
| ७. | राहादानी जारी गर्ने देशको नाम | |
| ८. | बासिन्दा रहेको मुलुकमा कर प्रयोजनको लागि दर्ता भएको करदाता पहिचान नम्बर | |
| ९. | करदाता पहिचान नम्बर जारी गर्ने देशको नाम | |
| १०. | इमेल ठेगाना | |
| ११. | मोबाइल नम्बर (देशको कोड सहित) | |

| (ग) नेपाली प्रतिनिधिको विवरण(कर प्रयोजनको लागि नेपाली नागरिक प्रतिनिधि तोकिएको भएमा ) | | | |
|---|---|---|---|
| १. | पहिलो नाम | बीचको नाम | अन्तिमको नाम |
| | | | |
| २. | ठेगाना | | |
| ३. | लिङ्ग | | |
| ४. | जन्म मिति | | दिन/महिना/बर्ष |
| ५. | नागरिकता वा राहदानी नम्बर | | |
| ६. | स्थायी लेखा नम्बर | | |
| ७. | इमेल ठेगाना | | |
| ८. | मोबाइल नम्बर | | |

| घ) विद्युतीय सेवाको प्रकार (छनौट गर्नुहोस) | | |
|---|---|---|
| १. | विज्ञापन | |
| २. | चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा | |
| ३. | तथ्याङ्क संग्रह सेवा, | |
| ४. | क्लाउड | |

| | | |
|---|---|---|
| ५. | गेमिङ्ग | |
| ६. | मोबाइल एप्लिकेशन | |
| ७. | इन्टरनेट बजार स्थान (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने वस्तु तथा सेवा, | |
| ८. | सफ्टवेयरको आपूर्ति र अद्यावधिक | |
| ९. | नेपालका बासिन्दा व्यक्तिबाट संकलित तथ्याङ्कको बिक्री, | |
| १०. | तथ्याङ्क, तस्वीरको डाउनलोड तथा अन्य यस्तै डाउनलोड सेवा | |
| ११. | शिक्षा, परामर्श, सीप विकास तथा तालिम सेवा | |
| १२. | इ-बुक, इ-पुस्तकालय, इ-पत्रिका सेवा, | |
| १३. | क्र.सं. १ देखि १२ को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा। | |

| (ङ) पेश (अपलोड) गर्नुपर्ने कागजात (स्क्यान कपी) | |
|---|---|
| १. | बासिन्दा मुलुकमा रहेको कम्पनी दर्ता प्रमाण |
| २. | बासिन्दा मुलुकबाट जारी भएको करदाता पहिचान नम्बरको प्रमाणित प्रतिलिपि |
| ३. | आधिकारिक व्यक्ति तोकिएको पत्र |
| ४. | आधिकारिक व्यक्तिको राहदानी |
| ५. | आधिकारिक व्यक्तिको फोटो |
| ६. | आधिकारिक व्यक्तिको दस्तखतको स्क्यान प्रति |
| ७. | प्रतिनिधि तोकिएको भएमा सो पत्र |
| ८. | प्रतिनिधिको नागरिकता वा राहदानी |

च) घोषणा

माथि उपलब्ध गराएका सूचना तथा कागजातहरु ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु।

आधिकारिक व्यक्तिको दस्तखतः-　　　　　　　　स्थानः-

पदः-　　　　　　　　ठेगानाः-

अनुसूची-२
(कार्यविधिको दफा ५(ङ) सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

फोटो

स्थायी लेखा नम्बर प्रमाणपत्र

| | |
|---|---|
| स्थायी लेखा नम्बर : | |
| कार्यालय: | |

| | |
|---|---|
| विद्युतीय सेवा करमा  दर्ता मिति: | |
| मूल्य अभिवृद्धि करमा दर्ता मिति: | |

करदाताको नाम :

करदाताको प्रकार : गैरबासिन्दा व्यक्ति (किसिम ...........)

ठेगाना :

कारोबार : विद्युतीय सेवाको आपूर्ति (किसिम................)

................................ ..................................
करदाताको दस्तखत कर अधिकृतको दस्तखत
(दर्ताको निवेदनमा भएको दस्तखत स्वतः आउने)

अनुसूची-३
(कार्यविधिको दफा ६(ङ) सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

विद्युतीय सेवा कर विवरण (गैरबासिन्दा व्यक्तिको लागि)

| | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | आय बर्ष | |

रकम नेपाली मुद्रामा

| | |
|---|---|
| करको गणना | |
| विद्युतीय सेवाको कारोबार मूल्य (नेपाली मुद्रामा) | XXX |
| विद्युतीय सेवा करको दर | २% |
| कर दायित्व (नेपाली मुद्रामा) | XXX |
| ब्याज | XX |
| विवरण ढिला बुझाए बापतको शुल्क | XX |
| जम्मा दाखिला गर्नु पर्ने कर रकम | XXXX |

विक्री विवरण (विद्युतीय सेवाको कारोबारमा समावेश नहुने भए तापनि नेपालको उपभोक्ता बाहेकका व्यवसायलाई उपलब्ध गराएको सेवा समेत)

| क्र.सं. | उपभोक्ताको नाम | स्थायी लेखा नं (उपलब्ध भएकोमा) | ठेगाना | जम्मा कारोबार मूल्य (मूल्य अभिवृद्धि कर बाहेक) | खरीदकर्ताको प्रकार |
|---|---|---|---|---|---|
| | | | | | उपभोक्ता/व्यवसा |
| | | | | | |

नोटः (एक्सेल फाइलमा अपलोड गर्न सकिने)

माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु।

आधिकारिक व्यक्तिको दस्तखतः-　　　　　　स्थानः-

पदः-　　　　　　ठेगानाः-

अनुसूची-४
(कार्यविधिको दफा ९(क) सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

दर्ता खारेजीको निवेदन (गैरबासिन्दा व्यक्तिको लागि)

| १. करदाताको विवरण | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | | |

| २. करदाताको चालु आय वर्षको विवरण | |
|---|---|
| चालु आय वर्षको विवरण पेश गरेको मिति | |
| कर दायित्व | |
| कर भुक्तानी मिति | |
| भौचर मिति | |

| ३. दर्ता खारेजी गर्नु पर्नाको कारण |
|---|
| |

| ४. करदाताको घोषणा | |
|---|---|
| माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु। | |
| आधिकारिक व्यक्तिको दस्तखतः- | स्थानः- |
| पदः- | ठेगानाः- |